# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बरः ५८-२०७९/०८०

**आवासतथा खेतियोग्य क्षेत्रर विधुतिय लाइनको नजिक रहेका रुखविरुवा हटाउने सम्बन्धी सूचना।।**

(प्रकाशित मितिः २०७९/०९/०४ गते)

चन्द्रकोट गाउँपालिका गुल्मी भित्रका अन्य ब्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरि साँध सिमाना र खेतियोग्य जमिनको नजिकै रहेका तथा विद्युतीय संरचना एवम् विद्युतीय तार मुनी रहेका सबै प्रकारका रुख विरुवाहरुको कारण बन्यजन्तुको अतिक्रमण, विद्युत प्रशारणमा अवरोध हुने र अन्य दुर्घटनाको समेत जोखिम रहेको हुँदा यस्ता स्थानमा रहेका सबै प्रकारका रुखविरुवा हटाउने सम्बन्धमा मिति २०७९ मंसिर २२ गतेको गाउँ कार्यपालिका बैठकवाट सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णयानुसार व्यक्तिगतवा सरकारी घर नजिक खेतीयोग्य जमीनको साँध,विद्युतीय संरचना तथा तारको ठिक मुनी पर्ने गरी लगाइएका वा रहेका रुख विरुवाहरु यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिनभित्र हटाई सहयोग गरिदिनुहुन सम्बन्धित जग्गाधनीहरुलाई अनुरोध छ। सूचनाको समयावधिभित्र सम्बन्धित व्यक्तिले यस्ता संरचना नहटाएमा उक्त संरचनाहरु हटाउन लगाई लागेको खर्च सम्बन्धित व्यक्तिहरुबाट सरकारी बाँकी सरह असुल उपर हुने व्यहोरा जानकारी गराईन्छ।

साथै यसरी रुख विरुवा हटाउँदा निकासी तथा विक्री गर्नुपर्ने अवस्थाका काष्ठजन्य रुख विरुवाहरुका काठपातहरु निकासी तथा विक्रीका लागि चन्द्रकोट गाउँपालिका वडा नं. ४ स्थित कालिगण्डकी- चन्द्रकोट सव-डिभिजन बन कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ। यस सम्बन्धमाथप जानकारी आवश्यक परेमा यस कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

(प्रकाश चन्द्र शर्मा)

नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रकाश चन्द्र शर्मा**

**नि.प्रमुख प्रशासकीय अधिकृत**